# वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय

## इलाम

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१ वमोजिम

# वार्षिक प्रगति प्रतिवेदन

(आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय

## इलाम

## २०८३

**उद्धरण प्रयोजनार्थः**

तथ्याङ्क समन्वय कार्यालय (वि.सं. २०८३), *वार्षिक प्रगति प्रतिवेदन, २०८२/८३*, इलाम।

तथ्याङ्क समन्वय कार्यालय, इलामको वार्षिक प्रगति प्रतिवेदन (दोस्रो अङ्क)

आर्थिक वर्ष २०८२/८३

**प्रकाशकः**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, इलाम**

फोन नं. ०२७-५९०१२०

इमेलः scoilam@nsonepal.gov.np

वेबसाइटः scoilam@nsonepal.gov.np

प्रकाशन वर्षः २०८३ श्रावण

प्रकाशन प्रतिः

मुद्रकः

**सम्पादनः**

| | |
|---|---|
| नि. तथ्याङ्क समन्वय अधिकारी | प्रेम नेपाल |
| तथ्याङ्क अधिकृत | किरण कुमार राई |
| सुपरिवेक्षक | इशु कुमार कार्की |
| खरिदार | निशान भट्टराई |

**प्रतिवेदन तयारीमा संलग्न अन्य कर्मचारीः**

| | |
|---|---|
| सुपरिवेक्षक | मान बहादुर बगाले थापा |
| सह-लेखापाल | अन्जना दहाल |
| खरिदार | शारदा रिजाल |
| गणक | रघुनन्द रिमाल |
| गणक | विपिन सुवेदी |
| गणक | सुजाता साह |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, इलाम
(ताप्लेजुङ, पाँचथर, इलाम, झापा)



# मन्तव्य

तथ्याङ्क समन्वय कार्यालय, इलामले ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लालाई कार्यक्षेत्र बनाई तथ्याङ्कसम्बन्धी विभिन्न कार्यहरू सञ्चालन गर्दै आएको छ। कार्यालयले आफ्नो कार्यक्षेत्रभित्र विभिन्न किसिमका गणना, सर्वेक्षण तथा अध्ययनलगायतका कार्यका लागि तथ्याङ्क सङ्कलन तथा अनुगमन गर्ने, तथ्याङ्कसम्बन्धी विभिन्न तालिम, गोष्ठी तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्ने एवं तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरणका लागि स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक तथ्याङ्कीय समन्वय गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट सम्पादन गरिएका प्रमुख कार्यहरू, प्राप्त उपलब्धिहरू तथा विभिन्न गतिविधिहरूलाई समेटी यस वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरिएको छ। यस प्रतिवेदनमा कार्यालयको परिचयात्मक विवरण, प्रमुख कार्यक्रम तथा उपलब्धिहरू, विनियोजित बजेट, भौतिक तथा वित्तीय प्रगति, समस्या तथा समाधानका उपायहरू, अवसर एवं चुनौतीहरू लगायतका विषयहरू समेटिएका छन्। यस प्रतिवेदनले कार्यालयको कार्यसम्पादनको समीक्षा एवं मूल्याङ्कन गर्न तथा आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरूको योजना निर्माण र कार्यान्वयनमा सहयोग पुग्ने विश्वास लिएको छु।

तथ्याङ्क समन्वय कार्यालय, इलामको आर्थिक वर्ष २०८२/८३ को कार्यसम्पादनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सरोकारवाला निकायहरू, उत्तरदाताहरू तथा कार्यालयका सम्पूर्ण कर्मचारीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण कर्मचारीहरूलाई समेत विशेष धन्यवाद दिन चाहन्छु।

प्रयोगकर्ताहरूबाट प्राप्त हुने रचनात्मक सुझाव, सल्लाह तथा पृष्ठपोषणलाई आत्मसात् गर्दै आगामी दिनमा अझ प्रभावकारी, विश्वसनीय र प्रयोगमैत्री तथ्याङ्क उत्पादन तथा सेवा प्रवाहका लागि कार्यालय निरन्तर प्रतिबद्ध रहने विश्वास व्यक्त गर्दछु।

श्रावण, २०८३

प्रेम नेपाल
नि. तथ्याङ्क समन्वय अधिकारी

## विषय सूची

**शिर्षक** **पेज नं.**

**परिच्छेद १: परिचय**

१.१ पृष्ठभूमी १
१.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन १
१.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार १
१.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना २
१.५ तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय २
१.६ तथ्याङ्क समन्वय कार्यालय, इलामका मुख्य मुख्य कार्यहरु ३
१.७ नागरिक वडापत्र ३
१.८ तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना ४
१.९ तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज ५
१.१० आर्थिक वर्ष २०८२/८३ को कर्मचारी विवरण ६
१.११ तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरु ६

**परिच्छेद २: प्रमुख कार्यक्रम तथा उपलब्धीहरु**

**२.१ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित नियमित कार्यक्रमहरु ८**
२.१.१ त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन ८
२.१.२ कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक (API) सम्बन्धी तथ्याङ्क सङ्कलन ८
२.१.३ औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन ९
२.१.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक (IPICS) सम्बन्धी तथ्याङ्क सङ्कलन ९
२.१.५ वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन १०

**२.२ आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययनहरु १०**
२.२.१ आन्तरिक पर्यटन सर्वेक्षण, २०८१ १०
२.२.२ व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२ ११
२.२.३ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ ११
२.२.४ नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ १२

**२.३ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित अन्य कार्यक्रमहरु** **१२**
२.३.१ तथ्याङ्क दिवस कार्यक्रम १३
२.३.२ वार्षिक प्रगति प्रतिवेदन (विद्युतीय प्रति) तयारी १३
२.३.३ स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम १३
२.३.४ पालिका प्रोफाइल (विद्युतीय प्रति) तयारी १४
२.३.५ स्थानीय तहहरुमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन १४
२.३.६ लोक्ता खेति सम्बन्धी अध्ययन १५

**परिच्छेद ३: बजेट तथा भौतिक र वित्तीय प्रगति**
३.१ आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश १६
३.२ भौतिक तथा वित्तीय प्रगति १६
३.३ भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था १७

**परिच्छेद ४: आर्थिक प्रशासन तथा जिन्सी**
४.१ वेरुजु र वेरुजु फछ्र्यौटको अवस्था १८
४.२ जिन्सी सामानको व्यवस्थापन १८

**परिच्छेद ५: प्रशासन तथा व्यवस्थापन**
५.१ अभिलेख व्यवस्थापन १९
५.२ गुनासो तथा उजुरी व्यवस्थापन १९
५.३ जनशक्ति व्यवस्थापन तथा तालिम १९
५.४ पुस्तकालय व्यवस्थापन २१

**परिच्छेद ६: समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरु**
६.१ समस्या र समाधानका उपायहरु २२
६.२ अवसर २३
६.३ चुनौतिहरु २३

## तालिका-सूची


| | | |
|---|---|---|
| तालिका १ | नागरिक वडापत्र | ४ |
| तालिका २ | तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज | ५ |
| तालिका ३ | आर्थिक वर्ष २०८२/८३ को कर्मचारी विवरण | ६ |
| तालिका ४ | तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरु | ७ |
| तालिका ५ | तथ्याङ्कीय साक्षरता सम्पन्न भएका स्थानीय तह, सञ्चालित मिति र लाभान्वित संख्या | १४ |
| तालिका ६ | आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश | १६ |
| तालिका ७ | भौतिक तथा वित्तीय प्रगति | १७ |
| तालिका ८ | आर्थिक वर्ष २०८२/८३ मा कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण | २० |
| तालिका ९ | तथ्याङ्क समन्वय कार्यालय, इलामका समस्या र समाधानका उपायहरु | २२ |


## चित्र-सूची


| | | |
|---|---|---|
| चित्र १ | तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना | ५ |
| चित्र २ | भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था | १७ |


## अनुसूची


| | | |
|---|---|---|
| अनुसूची १ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २४ |
| अनुसूची २ | त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका कार्यालय/प्रतिष्ठान/संस्थाहरु | २५ |
| अनुसूचि ३ | कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २६ |
| अनुसूचि ४ | कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक सम्बन्धी सङ्कलन सङ्कलनका लागि छानिएका अगुवा कृषकहरु | २७ |
| अनुसूचि ५ | औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | २८ |
| अनुसूचि ६ | औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु | २९ |
| अनुसूचि ७ | निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा | ३० |

| | | |
|---|---|---|
| अनुसूचि ८ | निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु | ३१ |
| अनुसूचि ९ | वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु | ३२ |
| अनुसूचि १० | केही फोटोहरु | ३४ |

## सारांश

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४१ मा सरकारी कार्यालयहरुले आर्थिक वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पादन गरेको काम र त्यस कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले नागरिकको सूचना पाउने अधिकारको व्यवस्था गरेको छ। यीनै कानूनहरुमा टेकेर तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका कार्यहरु, उपलब्धीहरु तथा गतिविधिहरु लगायतका विषयहरु समेटेर यस वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

ताप्लेजुङ, पाँचथर, इलाम र झापा कार्यक्षेत्र रहेको तथ्याङ्क समन्वय कार्यालय, इलामले विभिन्न किसिमका गणना, सर्वेक्षण तथा अध्ययन लगायत अन्य विषयसँग सम्बन्धित तथ्याङ्क सङ्कलन तथा अनुगमनका साथै तथ्याङ्क सम्बन्धी विभिन्न किसिमका तालिम, गोष्ठी लगायतका कार्यक्रमहरू सञ्चालन र तथ्याङ्क प्रणालीको विकासका लागि स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरूसँग तथ्याङ्कीय समन्वय गर्दै आईरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट कामको चाप, आरीघोप्टे वर्षाको कारण अवरुद्ध सडक, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा राष्ट्रिय आर्थिक गणना, २०८२ जस्ता परिस्थितिको बाबजुद पनि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट निर्देशित विभिन्न नियमित कार्यक्रमहरूका साथै आर्थिक वर्ष २०८२/८३ को लागि बिनियोजित अन्य कार्यक्रमहरु तोकिएको समयसीमाभित्र सफलतापूर्वक सम्पन्न भएको छ।

यस प्रतिवेदनमा कार्यालय सम्बन्धी परिचयात्मक विवरणहरु, प्रमुख कार्यक्रम तथा उपलब्धिहरू, बिनियोजित बजेट, भौतिक र वित्तीय प्रगति, समस्या र समाधानका उपायहरु, अवसर एवं चुनौतीहरूलाई प्रस्तुत गरिएको छ। यस प्रतिवेदनमा ६ वटा परिच्छेदहरु रहेका छन्। परिच्छेद १ मा कार्यालय सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ। जसमा पृष्ठभूमी, राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन, काम, कर्तव्य र अधिकारहरु तथा संगठन संरचनाका साथै तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय, कार्यहरु, नागरिक वडापत्र, संगठन संरचना, दरबन्दी तेरिज, हालसम्मका कार्यालय प्रमुखहरुको नामावली तथा कर्मचारी विवरणलाई समावेश गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०८२/८३ मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरु प्रस्तुत गरिएको छ। परिच्छेद ३ मा आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश तथा भौतिक एवं वित्तीय प्रगति प्रस्तुत गरिएको छ। परिच्छेद ४ मा आर्थिक प्रशासन तथा जिन्सी सम्बन्धी विवरणहरु प्रस्तुत गरिएको छ। परिच्छेद ५ मा प्रशासन तथा व्यवस्थापन सम्बन्धी विषयहरुहरु उल्लेख गरिएको छ। परिच्छेद ६ मा कार्यालयका समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरुलाई प्रस्तुत गरिएको छ।

तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८२/८३ मा नियमित कार्यक्रम तर्फ मुल्य तथ्याङ्क सम्बन्धी तीन वटा र त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखा सम्बन्धी दुई वटा गरी जम्मा पाँच वटा कार्यक्रमहरु सम्पन्न भएका छन्। अन्य कार्यक्रम अन्तर्गत आन्तरिक पर्यटन सर्वेक्षण, व्यवसायिक

तरकारी बाली सर्वेक्षण, स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण र नेपाल स्थल यातायात सर्वेक्षणका लागि तथ्याङ्क सङ्कलन तथा अनुगमन, स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन, पालिका प्रोफाइल निर्माण, स्थानीय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम, तथ्याङ्क दिवस कार्यक्रम एवं लोक्ता खेतीसम्बन्धी अध्ययन जस्ता कार्यक्रमहरु सम्पन्न भएका छन्।

कार्यालयमा विनियोजन भएका कार्यक्रमहरुमध्ये तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम कामको चाप, आरीघोप्टे वर्षाको कारण अवरुद्ध सडक, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा राष्ट्रिय आर्थिक गणना, २०८२ जस्ता परिस्थितिको कारणले सम्पन्न हुन सकेन। आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरिफिकेशन तथा सुपरिवेक्षण कार्य र अस्थायी बालीको उत्पादन लागत अध्ययन सम्बन्धी फिल्ड कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आवस्यक निर्देशन प्राप्त नभएकाले सम्पन्न हुन सकेन।

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, इलामको भौतिक प्रगति अन्तर्गत चालुतर्फ ९३.५ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति अन्तर्गत चालुतर्फ ७७.८ प्रतिशत र पुँजीगततर्फ ९९.९ प्रतिशत प्रगति भएको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममा आर्थिक वर्ष २०८२/८३ मा कुनै पनि किसिमको वेरुजु सिर्जना भएको छैन।

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमी

नेपालमा आवधिक योजनाको प्रारम्भ भएको दुई वर्षपछि अर्थात वि.सं. २०१५ मा तथ्याङ्क ऐन, २०१५ जारी भई सोही ऐन बमोजिम तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रशोधन, विश्लेषण, प्रकाशन र प्रसारका लागि केन्द्रीय निकायको रूपमा वि.सं. २०१५ साल पुस १७ गते केन्द्रीय तथ्याङ्क विभाग (CBS) को स्थापना भएको थियो। यो विभाग सुरुमा अर्थ मन्त्रालय, त्यसपछि अर्थ आर्थिक विषय मन्त्रालय अन्तर्गत रहँदै पछिल्लो समय राष्ट्रिय योजना आयोग मातहत रहेर कार्य सम्पादन गरेको थियो। यसले मुख्यतया जनगणना र सर्वेक्षणमार्फत समयसापेक्ष र भरपर्दो सामाजिक, आर्थिक, वातावरणीय लगायतका तथ्याङ्कहरू उत्पादन गर्दै आएको तथ्य स्मरणीय छ। केन्द्रीय तथ्याङ्क विभाग स्थापना गर्नुको मुख्य उद्देश्य विकास योजना तथा नीति तर्जुमा र निर्णय निर्माणको लागि राष्ट्रिय योजना आयोग एवं अन्य सरकारी निकायहरूलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउनु हो।

वि.सं. २०१७ सालमा तथ्याङ्क नियमावली जारी हुनु र निजामती सेवा ऐन, २०४९ अन्तर्गत नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा तथा तथ्याङ्क समूहको गठन हुनु पनि नेपालको तथ्याङ्कीय विकासक्रमका महत्वपूर्ण तथा अविस्मरणीय घटनाहरू मानिन्छन्। वि.सं. २०५० मा केन्द्रीय तथ्याङ्क विभाग अन्तर्गत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना गरिएका थिए, जसलाई वि.सं. २०८१ साल श्रावण १ गतेदेखि १८ वटा तथ्याङ्क समन्वय कार्यालयमा रूपान्तरण गरिएको छ।

## १.२ राष्ट्रिय तथ्याङ्क कार्यालयको गठन

विक्रम सम्वत् २०७९ भाद्र २८ मा नयाँ तथ्याङ्क ऐन, २०७९ जारी गरियो। यस ऐनले विगतको केन्द्रीय तथ्याङ्क विभागलाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति गर्ने प्रावधान राख्यो। फलस्वरुप विक्रम सम्वत् २०७९ आश्विन २७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भयो। हाल यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको छ। विगतमा केन्द्रीय तथ्याङ्क विभागको नेतृत्व महानिर्देशक (राजपत्राङ्कित प्रथम श्रेणी, प्राविधिक) बाट भएको थियो भने हाल राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व प्रमुख तथ्याङ्क अधिकारी (राजपत्रांकित विशिष्ट श्रेणी, सचिव) बाट भइरहेको छ।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरिएको छ।

(क) तथ्याङ्क सम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद् समक्ष पेस गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने।

(ग) कार्यालयले सङ्कलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सम्बन्धी कार्यसञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रुपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(ड) तथ्याङ्क सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

## १.४ राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखमा नेपाल सरकारको राजपत्राङ्कित विशिष्ठ श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत ४ वटा महाशाखाहरु र २० वटा शाखाहरु रहेका छन्। यसका साथै राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने तथ्याङ्क सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका लागि ३ देखि ६ जिल्ला कार्यक्षेत्र हुने गरी १८ वटा जिल्लामा तथ्याङ्क समन्वय कार्यालयहरु स्थापना भएका छन्।

## १.५ तथ्याङ्क समन्वय कार्यालय, इलामको परिचय

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णयअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतका साविकका ३३ वटा कार्यालयहरु खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरुको स्थापना भएको हो। सोही पुनर्संरचनाअन्तर्गत एक कार्यालयको रुपमा तथ्याङ्क समन्वय कार्यालय, इलामको स्थापना भएको हो। यो कार्यालय इलाम जिल्ला, इलाम नगरपालिका वडा नम्बर ७, फूलगाछीमा रहेको छ। विकास सम्बन्धी नीति तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्क सङ्कलन तथा अन्य तथ्याङ्कीय गतिविधिहरु संचालन गर्ने भुमिका खेल्ने कार्यालयको रुपमा स्थापित यस कार्यालयको कार्य क्षेत्र ताप्लेजुङ, पाँचथर, इलाम र झापा गरी ४ वटा जिल्लाहरु रहेका छन्।

## १.६ तथ्याङ्क समन्वय कार्यालय, इलामका मुख्य मुख्य कार्यहरु

(क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणहरुको व्यवस्थापन, जनशक्ति छनौट, तालिम सञ्चालन, तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ख) वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने,

(ग) तथ्याङ्कीय व्यवसायिक रजिष्टर निर्माणको लागि आवश्यक विवरणहरु सङ्कलन गर्ने,

(घ) गणना तथा सर्वेक्षणहरुको प्रयोजनार्थ गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने,

(ङ) स्थानीय तहहरुसँगको समन्वयमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन तथा अन्य तथ्याङ्कीय क्रियाकलापहरु सम्बन्धी कार्य गर्ने,

(च) जिल्लास्तरमा विभिन्न सरोकारवालाहरुसँग तथ्याङ्कीय विषयमा आवश्यक समन्वय, छलफल, अन्तरक्रिया तथा गोष्ठीहरु सञ्चालन गर्ने,

(छ) राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ज) जिल्ला तथा स्थानीय तहहरुको तथ्याङ्कीय प्रतिवेदन तथा वस्तुगत विवरण तया  गर्ने,

(झ) राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ-संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलन सम्बन्धी कार्यको अनुगमन गर्ने,

(ञ) तथ्याङ्कको प्रयोगकर्ताहरुलाई मागबमोजिमको आवश्यक तथ्याङ्क उपलव्ध गराउने,

(ट) विभिन्न क्षेत्रका अध्ययन तथा अन्य तथ्याङ्कीय प्रयोजन सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने,

(ठ) विभिन्न निकायहरुलाई राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने,

(ड) सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ढ) राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयको निर्देशन बमोजिमका अन्य कामहरु गर्ने।

## १.७ नागरिक वडापत्र

नागरिक वडापत्र भनेको सरकारी वा सार्वजनिक निकायले नागरिकलाई दिने सेवा, प्रक्रिया, समय, शुल्क, जिम्मेवार अधिकारी लगायतका विषयहरु स्पष्ट रूपमा उल्लेख गरिएको सूचनापत्र हो। नागरिक वडापत्रको उद्देश्य कार्यालयबाट प्रदान गरिने सेवामा पारदर्शिता, शीघ्रता, सरलता र उत्तरदायित्व कायम गर्नु हो। तथ्याङ्क समन्वय कार्यालय, इलाममा उपलब्ध हुने सेवाका प्रकार, सेवा प्राप्त गर्न पेश गर्नुपर्ने कागजात, सेवा प्राप्त गर्न लाग्ने समय, लाग्ने दस्तुर र जिम्मेवार फाँट/कर्मचारी सम्बन्धमा सेवाग्राहीहरुलाई स्पष्ट जानकारी दिनका लागि नागरिक बडापत्रको व्यवस्था गरिएको छ (तालिका १)।


*तालिका १: नागरिक वडापत्र*

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धी सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,०००।<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।<br>(ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००। | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने |
| २. | सर्वेक्षण सम्बन्धी सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।<br>(ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।<br>(ग) सरकारी निकाय/ संस्था /राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००। | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालय मार्फत सुक्ष्म कोरा तथ्याङ्क प्राप्तिको लागि सहजीकरण गर्ने |
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी/कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन शाखा | कार्यालयमा उपलब्ध भएसम्म |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन शाखा | |

## १.८ तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कार्यालय प्रमुखको रुपमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका तथ्याङ्क समन्वय अधिकारीको नेतृत्व रहने व्यवस्था छ। कार्यालयमा प्रशासन शाखा र तथ्याङ्क शाखा गरी २ वटा शाखाहरु रहेका छन्। प्रशासन शाखामा १ जना तथ्याङ्क अधिकृत, २ जना खरिदार, १ जना सहलेखापाल र २ जना कार्यालय सहयोगीको व्यवस्था रहेको छ भने तथ्याङ्क शाखामा १ जना तथ्याङ्क अधिकृत, ४ जना सुपरिवेक्षक र ३ जना गणकको व्यवस्था रहेको छ (चित्र १)।

*चित्र १: तथ्याङ्क समन्वय कार्यालय, इलामको संगठन संरचना*




## १.९ तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कुल १५ जनाको स्वीकृत दरबन्दी रहेको छ (तालिका २)। कार्यालयले हाल उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्दै नियमित तथ्याङ्क सङ्कलन, विश्लेषण, प्रकाशन र वितरण जस्ता कार्यहरू निरन्तर सञ्चालन गरिरहेको छ।

*तालिका २: तथ्याङ्क समन्वय कार्यालय, इलामको दरबन्दी तेरिज*

| क्र.सं. | पद | सेवा/समूह | श्रेणी | स्वीकृत दरबन्दी संख्या |
|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. द्वितीय (प्रा.) | १ |
| २ | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. तृतीय (प्रा.) | २ |
| ३ | सुपरिवेक्षक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. अनं. प्रथम (प्रा.) | ४ |
| ४ | गणक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क | रा.प. अनं. द्वितीय (प्रा.) | ३ |
| ५ | सहलेखापाल | नेपाल प्रशासन/लेखा | रा.प. अनं. द्वितीय (अ.प्रा.) | १ |
| ६ | खरिदार | नेपाल प्रशासन/सामान्य प्रशासन | रा.प. अन. द्वितीय (अ.प्रा.) | २ |
| ७ | कार्यालय सहयोगी | नेपाल प्रशासन/ सामान्य प्रशासन | श्रेणीविहीन (अ.प्रा.) | २ |
| | जम्मा: | | | १५ |

## १.१० आर्थिक वर्ष २०८२/८३ को कर्मचारी विवरण

तथ्याङ्क समन्वय कार्यालय, इलाममा कुल १५ जनाको स्वीकृत दरबन्दी रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय अधिकारीको पद वर्षभरि नै रिक्त रहेको थियो। आर्थिक वर्ष २०८२/८३ मा सुपरिवेक्षक श्री जीत बहादुर कोईराला बढुवा भई जानुभएको थियो भने सुपरिवेक्षक श्री युवराज महत तथा गणकहरु श्री रामेश्वर साह तेली र विनम भट्टराई सरुवा भई अन्यत्र जानुभएको थियो। आर्थिक वर्ष २०८२/८३ मा सुपरिवेक्षक श्री इशु कुमार कार्की तथा गणकहरु श्री रघुनन्द रिमाल र विपिन सुवेदी सरुवा भई यस कार्यालयमा आउनुभएको थियो। आर्थिक वर्ष २०८२/८३ को तथ्याङ्क समन्वय कार्यालय, इलामको कर्मचारी विवरण यहाँ प्रस्तुत गरिएको छ (तालिका ३)।

*तालिका ३: आर्थिक वर्ष २०८२/८३ को कर्मचारी विवरण*

| क्र.सं. | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | प्रेम नेपाल | नि. तथ्याङ्क समन्वय अधिकारी | |
| २ | किरण कुमार राई | तथ्याङ्क अधिकृत | |
| ३ | जीत बहादुर कोईराला | सुपरिवेक्षक | मिति २०८३/०१/२२ सम्म |
| ४ | युवराज महत | सुपरिवेक्षक | मिति २०८३/०३/३२ सम्म |
| ५ | मान बहादुर बगाले थापा | सुपरिवेक्षक | |
| ६ | इशु कुमार कार्की | सुपरिवेक्षक | मिति २०८२/०४/११ देखि |
| ७ | अन्जना दहाल | सहलेखापाल | |
| ८ | शारदा रिजाल | खरिदार | |
| ९ | निशान भट्टराई | खरिदार | |
| १० | विनम भट्टराई | गणक | मिति २०८२/०८/०७ सम्म |
| ११ | रामेश्वर साह तेली | गणक | मिति २०८२/०७/१८ सम्म |
| १२ | सुजाता साह | गणक | |
| १३ | रघुनन्द रिमाल | गणक | मिति २०८२/०८/१७ देखि |
| १४ | विपिन सुवेदी | गणक | मिति २०८२/०८/०१ देखि |
| १५ | रमेश कुमार खत्री | का.स. | |
| १६ | संजिता राई | का.स. | |

## १.११ तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरु

तथ्याङ्क समन्वय कार्यालय, इलामको पहिलो कार्यालय प्रमुखको रुपमा श्री प्रकाश पोखरेलले मिति २०८१/०४/०१ गतेदेखि मिति २०८१/०४/१८ गतेसम्म सेवा गर्नुभएको थियो। उहाँले यस कार्यालयको छोटो सेवा अवधिमा कार्यालयको व्यवस्थापकीय तथा प्रशासनिक कार्यहरुमा महत्वपूर्ण

योगदान पुर्याउनुभएको थियो। मिति २०८१/०४/१८ गते श्री प्रकाश पोखरेल सेवानिवृत्त हुनुभएको र तत्पश्चात यस कार्यालयका तथ्याङ्क अधिकृत श्री प्रेम नेपालले नि. तथ्याङ्क समन्वय अधिकारीको रुपमा कार्यालय प्रमुखको जिम्मेवारी प्राप्त गर्नुभएको थियो। तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरुको नामावली यहाँ प्रस्तुत गरिएको छ (तालिका ४)।

*तालिका ४: तथ्याङ्क समन्वय कार्यालय, इलामका हालसम्मका कार्यालय प्रमुखहरु*

| **क्र.सं.** | **पद** | **प्रमुखको नाम थर** | **अवधि** | |
|---|---|---|---|---|
| | | | **देखि** | **सम्म** |
| १ | तथ्याङ्क समन्वय अधिकारी | श्री प्रकाश पोखरेल | २०८१/०४/०१ | २०८१/०४/१८ |
| २ | नि. तथ्याङ्क समन्वय अधिकारी | श्री प्रेम नेपाल | २०८१/०४/२२ | हाल सम्म |

# परिच्छेद २ः प्रमुख कार्यक्रम तथा उपलब्धीहरु

यस परिच्छेदमा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका नियमित कार्यक्रमहरु, सर्वेक्षणहरु तथा अन्य कार्यक्रमहरुलाई प्रस्तुत गरिएको छ।

## २.१ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित नियमित कार्यक्रमहरु

तथ्याङ्क समन्वय कार्यालय, इलामबाट नियमित रुपमा गरिने कार्यक्रमहरुमा त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन, कृषि वस्तुहरुको उत्पादकको मूल्य (API) सम्बन्धी तथ्याङ्क सङ्कलन, औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य (MPI/PPI) सम्बन्धी तथ्याङ्क सङ्कलन र निर्माण सामाग्री लागत मूल्य सङ्कलन रहेका छन्। नियमित कार्यक्रमहरुमध्ये त्रैमासिक तथा वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखा तथा अन्य नियमित कार्यहरु राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखा अन्तर्गतका कार्यक्रमहरु हुन्। तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित नियमित कार्यक्रमहरु देहायबमोजिम रहेका छन्ः

### २.१.१ त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक रूपमा राष्ट्रिय लेखाका अनुमानहरू सार्वजनिक गर्दै आइरहेको छ। त्रैमासिक राष्ट्रिय लेखा अनुमानको लागि तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक रूपमा आवश्यक पर्ने आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरुको तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखामा उपलब्ध गराउँदै आएको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममार्फत आर्थिक वर्ष २०८२/८३ मा अनुसूचि १ वमोजिमको समय सीमामा रही अनुसूचि २ बमोजिमका प्रदायकहरुबाट चारवटै त्रैमासिकहरुको राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरी National Data Reporting System मार्फत राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

### २.१.२ कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक (API) सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०७०/७१ देखि त्रैमासिक रूपमा कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक निर्माण गर्दै आएको छ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयहरुमार्फत आवस्यक तथ्याङ्क सङ्कलन गरिन्छ। त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक तयार गर्दछ।

कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकाङ्क निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय इलामले पाँचथर र इलाम जिल्लाका पाँच/पाँच जना अगुवा कृषकहरुबाट त्रैमासिक रूपमा विभिन्न कृषिजन्य उत्पादनहरुको उत्पादक मूल्य सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा उपलब्ध

गराउँदै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा अनुसूचि ३ वमोजिमको समय सीमामा रही अनुसूचि ४ बमोजिमका अगुवा कृषकहरुबाट चारवटै त्रैमासिकहरुको कृषि वस्तुहरुको उत्पादकको मूल्य सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

### २.१.३ औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन

नेपालमा आर्थिक वर्ष २०३१/३२ देखि औद्योगिक उत्पादन सूचकांक तथा आर्थिक वर्ष २०४३/४४ देखि औद्योगिक उत्पादक मूल्य सूचकांक त्रैमासिक रूपमा निर्माण गर्रिंदै आएको छ। यी सूचकांकहरु राष्ट्रिय तथ्याङ्क कार्यालयले नियमित रुपमा तयार पार्दछ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयहरुमार्फत राष्ट्रिय तथ्याङ्क कार्यालयले तोकेका औद्योगिक प्रतिष्ठानहरुबाट त्रैमासिक रुपमा आवस्यक तथ्याङ्क सङ्कलन गरिन्छ। त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकांक तयार गर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा औद्योगिक उत्पादन तथा उत्पादक मूल्य सूचकाङ्क निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय, इलामले झापा, इलाम र पाँचथरका जम्मा १६ वटा औद्योगिक प्रतिष्ठानहरुबाट त्रैमासिक रुपमा आवस्यक तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा उपलब्ध गराएको छ। यसका लगि अनुसूचि ५ वमोजिमको समयसीमामा रही अनुसूचि ६ बमोजिमका औद्योगिक प्रतिष्ठानहरुबाट तथ्याङ्क सङ्कलन गरी कार्य सम्पन्न गरिएको छ।

### २.१.४ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक (IPICS) सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०५६/५७ देखि त्रैमासिक रूपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गर्दै आएको छ। यस सूचकांक निर्माणको लागि निर्माण क्षेत्रमा प्रयोग गरिने सामग्रीहरूको प्रचलित बजार मूल्य तथा निर्माण कामदारहरू डकर्मी, सिकर्मी र ज्यामीको प्रचलित ज्यालादर सम्बन्धी विवरणहरु सङ्कलन गरिन्छ। यसका लागि जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयहरुमार्फत आवस्यक तथ्याङ्क सङ्कलन गरिन्छ। त्रैमासिक रुपमा प्राप्त विवरणहरुको आधारमा राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक रुपमा पनि निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्दछ।

निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माणको लागि तथ्याङ्क समन्वय कार्यालय, इलामले पाँचथर जिल्लाका विभिन्न व्यापारिक प्रतिष्ठानहरुबाट त्रैमासिक रूपमा निर्माण सामग्रीहरु सम्बन्धी मूल्य तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा उपलब्ध गराउँदै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा अनुसूचि ७ वमोजिमको समयसीमामा रही अनुसूचि ८ बमोजिमका व्यापारिक प्रतिष्ठानहरुबाट चारवटै त्रैमासिकहरुको निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

### २.१.५ वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन

राष्ट्रिय तथ्याङ्क कार्यालयले हरेक वर्ष वार्षिक राष्ट्रिय लेखा अनुमान तयार गरी सार्वजनिक गर्दछ। वार्षिक राष्ट्रिय लेखा अनुमान तयार गर्नको लागि तथ्याङ्क समन्वय कार्यालयहरु तथा अन्य विभिन्न निकायहरुबाट आवस्यक तथ्याङ्क सङ्कलन गरिन्छ। तथ्याङ्क समन्वय कार्यालय, इलाम मार्फत वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले १० वटा क्षेत्रहरु निर्धारण गरेको छ। सो अन्तर्गत यस कार्यालयको कार्यक्षेत्रका ४ वटै जिल्लाहरुका ४२ वटा स्थानीय तह तथा ५६ वटा अन्य प्रतिष्ठानहरु गरी जम्मा ९८ वटा आर्थिक कारोबारका एकाईहरु कायम गरिएका छन्। वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कका लागि सबै क्षेत्रको तथ्याङ्क सङ्कलन गरी हरेक आर्थिक वर्षको चैत महिनाको पहिलो हप्तासम्ममा प्रविष्टि कार्य सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखामा पठाउनुपर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा तोकिएको समयसीमामा रही अनुसूचि ९ बमोजिमका आर्थिक एकाईहरुबाट वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको छ।

## २.२ आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययनहरु

राष्ट्रिय तथ्याङ्क कार्यालयले अघिल्ला बर्षहरुमा जस्तै आर्थिक वर्ष २०८२/८३ मा विभिन्न गणना, सर्वेक्षण तथा अध्ययनहरू सञ्चालन गरेको थियो। राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने गणना, सर्वेक्षण तथा अध्ययनहरूको लागि तथ्याङ्क समन्वय कार्यालयहरु मार्फत आवस्यक तथ्याङ्क सङ्कलन गरिन्छ। यसरी सङ्कलित तथ्याङ्कलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्कीय विधिहरु अपनाई प्रशोधन, विश्लेषण तथा सार्वजनिक गर्ने गर्दछ। आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित गणना, सर्वेक्षण तथा अध्ययनहरूको लागि तथ्याङ्क समन्वय कार्यालय, इलाम अन्तर्गत कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा छनोटमा परेका सर्वेक्षण एकाईहरूबाट स्थलगत तथ्याङ्क सङ्कलन तथा सङ्कलित तथ्याङ्कको व्यवस्थापनको कार्य भएको थियो। आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित सर्वेक्षणहरू निम्नानुसार रहेका छन्ः

### २.२.१ आन्तरिक पर्यटन सर्वेक्षण, २०८१

राष्ट्रिय तथ्याङ्क कार्यालयले पहिलोपटक आन्तरिक पर्यटन सर्वेक्षण, २०८१ सञ्चालन गरेको छ। सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलामको कार्यक्षेत्रका चारवटा जिल्लामा जम्मा २३ वटा गणनाक्षेत्र तोकिएकोमा आर्थिक वर्ष २०८१/८२ मा २१ वटा गणना क्षेत्रहरुबाट तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भईसकेकोले आर्थिक वर्ष २०८२/८३ मा बाँकी २ वटा गणना क्षेत्रहरुबाट तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गरिएको छ। सर्वेक्षणका क्रममा प्रत्येक गणना क्षेत्रबाट दुई चरणमा तथ्याङ्क सङ्कलन कार्य गरिएको थियो।

पहिलो चरणमा घरपरिवार सूचीकरण गरिएको थियो भने दोस्रो चरणमा मुख्य प्रश्नावली मार्फत् तथ्याङ्क सङ्कलन गरिएको थियो। घरपरिवार सूचीकरण कार्य अन्तर्गत तोकिएको गणना क्षेत्रमा बसोबास गर्ने सबै घरपरिवारहरु (लगभग २५० घरपरिवार) मा पुगेर आन्तरिक पर्यटन सम्बन्धी प्रारम्भिक विवरणहरु सङ्कलन गरिएको थियो। दोस्रो चरणमा पहिलो चरणबाट प्राप्त नतिजाका आधारमा Systematic Random Sampling विधिबाट नमूना छनौटमा परेका १२ वटा घरपरिवारहरुबाट आन्तरिक पर्यटनसँग सम्बन्धित विस्तृत विवरणहरु सङ्कलन गरिएको थियो। सूचिकरण तथा मुख्य फिल्ड कार्यमा Computer-Assisted Personal Interviewing (CAPI) विधिको प्रयोग गरिएको थियो। गत आर्थिक वर्षमा ताप्लेजुङको मेरिङदेन गाउँपालिका र इलामको फाकफोकथुम गाउँपालिकाका २ वटा गणना क्षेत्रहरुबाट घरपरिवारहरुको प्रारम्भिक विवरण सहितको सूचीकरण कार्य गरिएको र प्रत्येक गणना क्षेत्रबाट १२ वटा परिवारका दरले जम्मा २४ वटा घरपरिवारहरुबाट आन्तरिक पर्यटन सर्वेक्षणका लागि विस्तृत विवरण सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको व्यापार तथ्याङ्क शाखामा उपलब्ध गराइएको थियो।

### २.२.२ व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२

राष्ट्रिय तथ्याङ्क कार्यालयले तरकारी बाली क्षेत्रको वास्तविक अवस्था पहिचान गर्न तथा यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको बढ्दो आवस्यकतालाई सम्बोधन गर्न आर्थिक वर्ष २०८२/८३ मा व्यावसायिक तरकारी बाली सर्वेक्षण, २०८२ को सूचिकरण तथा मूख्य फिल्ड कार्य सम्पन्न गरेको छ। यो कार्यक्रम २ चरणमा सञ्चालन गरिएको थियो। पहिलो चरणमा यस सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलामबाट व्यावसायिक तरकारी बाली उत्पादक कृषकहरुको सूचिकरण कार्य सम्पन्न गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको थियो। उक्त सूचिको आधारमा नमुना छनोट गरि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट ताप्लेजुङ, इलाम र झापाका जम्मा ४८ जना कृषकहरुको नमुना सूचि प्राप्त भएको थियो। नमुना सूचिमा ६ जना च्याउ उत्पादक कृषकहरु तथा अन्य ४२ जना च्याउ बाहेकका अन्य व्यावसायिक तरकारी उत्पादक कृषकहरु रहेका थिए। प्राप्त सूचिका आधारमा उपलब्ध प्रश्नावली फाराम बमोजिम यस कार्यालयबाट व्यावसायिक तरकारी बाली सम्बन्धी विस्तृत विवरणहरु सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको कृषि तथा पशुपन्छी गणना शाखामा भरिएका प्रश्नावली फारामहरु बुझाईएको थियो।

### २.२.३ स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभर सञ्चालनमा रहेका सरकारी बाहेकका स्वास्थ्यसम्बन्धी आर्थिक क्रियाकलाप गर्ने स्वास्थ्य संस्थाहरूको व्यावसायिक विवरण, रोजगारीको अवस्था, सञ्चालन खर्च, आम्दानी, मौज्दात तथा सम्पत्तिसम्बन्धी विविध विवरण सङ्कलन गरी स्वास्थ्य क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदानको मापन गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने उद्देश्यले आर्थिक वर्ष २०८२/८३ मा स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ को सूचिकरण तथा मूख्य फिल्ड कार्य सम्पन्न गरेको छ।

यो कार्यक्रम २ चरणमा सञ्चालन गरिएको थियो। पहिलो चरणमा यस सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलामबाट सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठानहरुको सूचिकरण कार्य सम्पन्न गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको थियो। उक्त सूचिको आधारमा नमुना छनोट गरि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट ताप्लेजुङ, पाँचथर, इलाम र झापाका जम्मा १२० वटा स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठानहरुको नमुना सूचि प्राप्त भएको थियो। नमुना सूचिमा रहेका प्रतिष्ठानहरुमध्ये केही प्रतिष्ठानहरु बन्द भएका तथा केही प्रतिष्ठानहरु दोहोरिएको पाईएकोले जम्मा ९९ वटा प्रतिष्ठानहरुबाट मात्र विवरण सङ्कलन गरिएको थियो। प्राप्त सूचिका आधारमा उपलब्ध प्रश्नावली फाराम बमोजिम यस कार्यालयबाट स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठानसम्बन्धी विस्तृत विवरणहरु सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा भरिएका प्रश्नावली फारामहरु बुझाईएको थियो।

### २.२.४ नेपाल स्थल यातायात सर्वेक्षण, २०८२

राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभर सञ्चालनमा रहेका सार्वजनिक स्थल यातायात सेवा प्रदान गर्ने सवारी साधन र सोसँग सम्बन्धित विवरण सङ्कलन, विश्लेषण तथा प्रकाशन गरी अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्न तथा नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता एवं अन्य प्रयोगकर्ताका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउनका लागि आर्थिक वर्ष २०८२/८३ मा नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ को सूचिकरण तथा मूख्य फिल्ड कार्य सम्पन्न गरेको छ।

यो कार्यक्रम २ चरणमा सञ्चालन गरिएको थियो। पहिलो चरणमा यस सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय, इलामबाट सार्वजनिक स्थल यातायात सेवा प्रदान गर्ने सवारी साधनहरुको सूचिकरण कार्य सम्पन्न गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराईएको थियो। उक्त सूचिको आधारमा नमुना छनोट गरि राष्ट्रिय तथ्याङ्क कार्यालयबाट ताप्लेजुङका १३ वटा, पाँचथरका २ वटा, इलामका ३३ वटा र झापाका १३६ वटा गरी जम्मा १८४ वटा सवारी साधनहरुको नमुना सूचि प्राप्त भएको थियो। प्राप्त सूचिका आधारमा उपलब्ध प्रश्नावली फाराम बमोजिम यस कार्यालयबाट सार्वजनिक स्थल यातायात सेवा प्रदान गर्ने सवारी साधनसम्बन्धी विस्तृत विवरणहरु सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा भरिएका प्रश्नावली फारामहरु बुझाईएको थियो।

## २.३ आर्थिक वर्ष २०८२/८३ मा सम्पादित अन्य कार्यक्रमहरु

यस अन्तर्गत तथ्याङ्क समन्वय कार्यालय, इलामको वार्षिक कार्यक्रम अन्तर्गतका आफ्नै कार्यक्रमहरु रहेका छन्। तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादित अन्य कार्यक्रमहरु देहायबमोजिम रहेका छन्ः

### २.३.१ तथ्याङ्क दिवस कार्यक्रम

आर्थिक वर्ष २०८२/८३ मा पहिलो पटक तथ्याङ्क समन्वय कार्यालयको वार्षिक कार्यक्रममा तथ्याङ्क दिवस कार्यक्रम समावेश भएको थियो। नेपालमा केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको दिन अर्थात पुष १७ गते हरेक वर्ष तथ्याङ्क दिवस मनाइने गरिन्छ। आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क दिवस कार्यक्रम अन्तर्गत यस कार्यालयले इलाम नगरपालिका अन्तर्गतका माध्यमिक विद्यालयस्तरीय "देश विकासमा तथ्याङ्कको महत्व" विषयक वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको थियो।

यो कार्यक्रम यस कार्यालयका नि. तथ्याङ्क समन्वय अधिकारी श्री प्रेम नेपालज्युको अध्यक्षतामा जिल्ला समन्वय समिति, इलामको सभाहलमा मिति २०८२/०९/१७ गते सम्पन्न भएको थियो। यस कार्यक्रममा इलाम नगरपालिका अन्तर्गतका १८ वटा विद्यालयहरुबाट जम्मा १८ जना विद्यार्थिहरुको सहभागिता रहेको थियो भने कार्यक्रममा जिल्ला समन्वय समिति, इलामका प्रमुख श्री जय प्रकाश राईज्युको प्रमुख आतिथ्यता, इलाम नगरपालिकाका शिक्षा शाखा प्रमुख श्री राधिका घिमिरेज्युको आतिथ्यता तथा सहभागी विद्यार्थीहरुका शिक्षक प्रतिनिधिहरुका साथै यस कार्यालयबाट १० जना कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा ३ जना निर्णायकहरुले सहभागी विद्यार्थीहरुको मूल्याङ्कन गरि प्राप्त अन्तिम नतिजाको आधारमा सहभागी विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो।

### २.३.२ वार्षिक प्रगति प्रतिवेदन (विद्युतीय प्रति) तयारी

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ मा सरकारी कार्यालयहरुले आर्थिक वर्षभरि सञ्चालन गरेका कार्यक्रम, सम्पन्न गरेको काम र त्यस्तो कामको अवस्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरू समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले नागरिकको सूचना पाउने अधिकारको व्यवस्था गरेको छ। यीनै कानूनहरुमा टेकेर तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक वर्ष २०८१/८२ मा सम्पादन भएका कार्यहरु, उपलब्धीहरु तथा गतिविधिहरू लगायतका विषयहरु समेटेर वार्षिक प्रगति प्रतिवेदन, २०८१/८२ तयार पारिएको थियो।

### २.३.३ स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम

तथ्याङ्क समन्वय कार्यालय, इलामको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ५ वटा स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम उल्लेख भएको थियो। यस अन्तर्गत झापा, इलाम र पाँचथर जिल्लामा गरि ४ वटा स्थानीय तहहरुमा यो कार्यक्रम सम्पन्न गरिएको थियो भने कामको चाप, आरीघोप्टे वर्षाको कारण अवरुद्ध सडक, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा राष्ट्रिय आर्थिक गणना, २०८२ को कारण एउटा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्न सकिएको थिएन।

तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले तथ्याङ्क समन्वय कार्यालय, इलामका तथ्याङ्क अधिकृत श्री किरण कुमार राईको अध्यक्षता एवं सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आथित्यता तथा स्थानीय तहका कर्मचारीहरुका साथै विद्यालय एवं क्याम्पसका शिक्षक तथा विद्यार्थीहरु, सरकारी कार्यालयका कर्मचारीहरु लगायत विभिन्न सरोकारवालाहरुको सहभागीतामा यो कार्यक्रम सञ्चालन गरिएको थियो। यो कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरु, सञ्चालित मिति र लाभान्वित संख्या देहायबमोजिम रहेका छन् (तालिका ५)।

*तालिका ५: तथ्याङ्कीय साक्षरता सम्पन्न भएका स्थानीय तह, सञ्चालित मिति र लाभान्वित संख्या*

| क्र.सं. | जिल्ला | स्थानीय तह | सञ्चालित मिति | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १ | पाँचथर | फाल्गुनन्द गाउँपालिका | मिति २०८२/१०/०७ | ४२ |
| २ | इलाम | सूर्योदय नगरपालिका | मिति २०८२/०९/२५ | ४३ |
| ३ | इलाम | माई नगरपालिका | मिति २०८२/१०/१४ | ६० |
| ४ | झापा | बुद्धशान्ती गाउँपालिका | मिति २०८२/१०/१५ | ६० |

## २.३.४ पालिका प्रोफाइल (विद्युतीय प्रति) तयारी

तथ्याङ्क समन्वय कार्यालय, इलामको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत २ वटा पालिकाहरुको पालिका प्रोफाइल निर्माणको लागि आवस्यक बजेट बिनियोजन भएको थियो। पालिका प्रोफाइलले पालिकाको जनसांख्यीक, आर्थिक, सामाजिक, भौगोलिक लगायतका पक्षहरूको वस्तुगत अवस्थालाई तथ्याङ्कीय रूपमा प्रस्तुत गर्दछ। आर्थिक वर्ष २०८२/८३ मा इलाम जिल्लाको माई नगरपालिका र झापा जिल्लाको हल्दिबारी गाउँपालिकाको प्रोफाइल तयार गरिएको थियो। पालिका प्रोफाइलमा सम्बन्धित जिल्लाका विविध क्षेत्रका तथ्याङ्कहरुलाई पहिलो खण्डमा प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा सम्बन्धित पालिकाको वडास्तर सम्मका उपलब्ध तथ्याङ्कहरुलाई प्रस्तुत गरिएको छ।

## २.३.५ स्थानीय तहहरुमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन

राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरुको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरु संग्रह एवं प्रवाह गर्ने अनलाइनमा आधारित एउटा एकिकृत डाटा पोर्टल हो। यसमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारका विभिन्न निकायहरुबाट उत्पादित तथ्याङ्क रहने गर्दछन्। यसै सन्दर्भमा यस कार्यालय अन्तगर्तका स्थानीय तहहरुमार्फत राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टि गराउन आवस्यक सहजिकरण गर्नका लागि यस कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा अघिल्ला वर्षहरुमा झैं आर्थिक वर्ष २०८२/८३ मा पनि यो कार्यक्रमलाई समावेश गरिएको थियो। राष्ट्रिय तथ्यगत विवरणको सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालय, इलामबाट आर्थिक

वर्ष २०८२/८३ मा ताप्लेजुङ, पाँचथर, इलाम र झापा जिल्लाका विभिन्न स्थानीय तहहरुमा भ्रमण गरी तथ्याङ्क प्रविष्टि गर्न आवस्यक सहजिकरण गर्नुका साथै स्थानीय तहहरुबाट तथ्याङ्क प्रविष्टि भए-नभएको, पूर्णता र प्रमाणिकरण भए-नभएको विषयमा नियमित अनुगमन गरिएको थियो। अनुगमनका क्रममा NDP को कार्यान्वयनका सन्दर्भमा हालसम्म भएका उपलब्धी तथा समस्याहरुको पहिचान गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा सुझाव पेश गरिएको छ।

### २.३.६ लोक्ता खेति सम्बन्धी अध्ययन

राष्ट्रिय तथ्याङ्क कार्यालयले सञ्चालन गर्ने अध्ययनहरू बाहेक तथ्याङ्क समन्वय कार्यालय, इलामले आर्थिक वर्ष २०८२/८३ मा आफ्नै प्रयासमा लोक्ता खेति सम्बन्धी अध्ययन गरेको थियो। यस अध्ययनमा इलाम र पाँचथर जिल्लाका प्रतिनिधिमूलक रूपमा साना तथा ठूला ६ जना कृषकहरुलाई समावेश गरी संरचित प्रश्नावलीमार्फत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको थियो।

# परिच्छेद ३: बजेट तथा भौतिक र वित्तीय प्रगति

आर्थिक वर्ष २०८/८३ मा यस कार्यालयमा २६ वटा कार्यक्रमहरु विनियोजन भएको थियो। कार्यालयमा विनियोजन भएका कार्यक्रमहरुमध्ये तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तर्क्रिया कार्यक्रम कार्यालयको कामको चाप, आरीघोप्टे वर्षाको कारण अवरुद्ध सडक, प्रतिनिधि सभा सदस्य निर्वाचन तथा राष्ट्रिय आर्थिक गणना, २०८२ को कारण सम्पन्न हुन सकेन। आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरिफिकेशन तथा सुपरिवेक्षण कार्य र अस्थायी वालिको उत्पादन लागत अध्ययन कार्यक्रम राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यक्रम रहेको र उक्त कार्यालयबाट ती कार्यक्रमहरुको लागि आवस्यक निर्देशन प्राप्त नभएकाले सम्पन्न हुन सकेन। तथ्याङ्क समन्वय कार्यालय, इलामको आर्थिक वर्ष २०८२/८३ मा विनियोजित वजेट तथा भौतिक र वित्तीय प्रगति यहाँ प्रस्तुत गरिएको छ।

## ३.१ आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, इलामको लागि कुल रु. १ करोड ७० लाख १२ हजार ३ सय ३३ विनियोजन भएको थियो जसमा चालु तर्फ रु. १ करोड ६३ लाख ४० हजार ३३३ र पुँजीगत तर्फ रु. ६ लाख ७२ हजार बजेट विनियोजन भएको थियो। आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश यहाँ प्रस्तुत गरिएको छ (तालिका ६)।

*तालिका ६: आर्थिक वर्ष २०८२/८३ को वजेट र खर्चको सारांश*

| क्र.सं. | वजेट उपशिर्षक नं. | वजेट (रु.हजारमा) | खर्च (रु.हजारमा) |
|---|---|---|---|
| १ | ३०१०८०१२३ | १६३४०.३३ | १२७१०.०८ |
| २ | ३०१०८०१२४ | ६७२ | ६७१.४५ |

आर्थिक वर्ष २०८२मा ८३/ तथ्याङ्क समन्वय कार्यालय, इलामका केही कार्यक्रमहरुमा सबै रकम खर्च नहुनु, तथ्याङ्क समन्वय अधिकारीको पद वर्षभरी नै रिक्त हुनु, केही कार्यक्रमहरु केन्द्रबाट रोकिनु तथा कामको चाप एवं अन्य विविध कारणले केही कार्यक्रमहरु सम्पन्न हुन नसक्नु जस्ता कारणले चालुतर्फ कम खर्च भएको अवस्था छ।

## ३.२ भौतिक तथा वित्तीय प्रगति

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय, इलाममा भौतिक प्रगति अन्तर्गत चालुतर्फ ९३.५ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत प्रगति भएको छ भने वित्तीय प्रगति अन्तर्गत चालुतर्फ ७७.८ प्रतिशत र पुँजीगततर्फ ९९.९ प्रतिशत प्रगति भएको छ (तालिका ७)।

*तालिका ७: भौतिक तथा वित्तीय प्रगति*


| **भौतिक प्रगति (%)** | | **वित्तीय प्रगति ( %)** | |
|---|---|---|---|
| **चालु** | **पुँजीगत** | **चालु** | **पुँजीगत** |
| ९३.५ | १०० | ७७.८ | ९९.९ |

*भौतिक प्रगतिको गणना गर्दा अनिवार्य दायित्व समावेश गरिएको छैन।*

## ३.३ भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था

आर्थिक वर्ष २०८२मा तथ्याङ्क समन्वय कार्यालय ८३/, इलामको भौतिक तथा वित्तीय प्रगतिको अवस्था अघिल्लो आर्थिक वर्षको तुलनामा समग्रमा सन्तोषजनक रहेको देखिन्छ। भौतिक प्रगतिअन्तर्गत चालुतर्फ ९३प्रतिशत प्रगति भएको छ भने प्रतिशत र पुँजीगततर्फ १०० ५. वित्तीय प्रगतिअन्तर्गत चालुतर्फ ७७ प्रतिशत प्रगति भएको छ। अघिल्लो आर्थिक वर्ष प्रतिशत र पुँजीगततर्फ ९९.९ ८. प्रतिशत प्रतिशत र १०० मा चालु तथा पुँजीगततर्फको भौतिक प्रगति क्रमशः ८९.६ ८२/२०८१ प्रतिशत रहेकोमा आर्थ प्रतिशत र ९९.३१ तथा वित्तीय प्रगति क्रमशः ८२.७िक वर्ष २०८२ ८३/ मा चालुतर्फको भौतिक प्रगतिमा सुधार भएको, पुँजीगततर्फको भौतिक प्रगति शतप्रतिशत सहित यथावत् रहेको, चालुतर्फको वित्तीय प्रगति केही घटेको र पुँजीगततर्फको वित्तीय प्रगतिमा सामान्य सुधार भएको देखिन्छ।

*चित्र २: भौतिक तथा वित्तीय प्रगतिको तुलनात्मक अवस्था*



# परिच्छेद ४: आर्थिक प्रशासन तथा जिन्सी

## ४.१ वेरुजु र वेरुजु फछ्र्यौटको अवस्था

लेखा परिक्षणका क्रममा आर्थिक कारोवारमा देखिएको त्रुटि वा अनियमितता नै वेरुजु हो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले वेरुजुलाई असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बाँकी गरी तीन प्रकारमा उल्लेख गरेको छ। तथ्याङ्क समन्वय कार्यालय, इलाममा आर्थिक वर्ष २०८२/८३ मा कुनै पनि किसिमको वेरुजु सिर्जना भएको छैन।

## ४.२ जिन्सी सामानको व्यवस्थापन

जिन्सी सामानको प्रभावकारी व्यवस्थापनले जिन्सी सामानहरुको संरक्षण र सुरक्षामा सहयोग गर्नुका साथै खर्च नियन्त्रण र पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न मद्दत गर्दछ। यस कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा जिल्ला आर्थिक गणना कार्यालय, पाँचथर र जिल्ला आर्थिक गणना कार्यालय, इलामबाट जिन्सी सामानहरु हस्तान्तरण भएको थियो। यसैगरी यस कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा उपलब्ध बजेटको अधिनमा रही केही जिन्सी सामानहरु खरिद गरी आम्दानी बाँधिएको थियो। यस कार्यालयमा रहेका सामानहरुका साथै जिल्ला आर्थिक गणना कार्यालयहरुबाट प्राप्त भएका सामानहरु समेत गरी आ.व. २०८२/८३ मा यस कार्यालयमा जम्मा ५६ किसिमका खर्च भएर नजाने जिन्सी सामानहरु मौज्दात रहेका थिए। यस कार्यालयमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मार्फत जिन्सी सामानहरुको खरिद, दाखिला तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्यहरु गरिएको छ।

# परिच्छेद ५: प्रशासन तथा व्यवस्थापन

## ५.१ अभिलेख व्यवस्थापन

भविष्यमा उपयोगि हुने या नहुने, कुन अभिलेख कति उपयोगि या अनुपयोगि छन् भनि पहिचान गरी छुट्याउने, अनुपयोगिलाई धुल्याउने, उपयोगिलाई महत्वका आधारमा वर्गीकृत गरी भविष्यमा खोजेको बेला सहजै प्राप्त हुने गरी सुरक्षित रुपले भण्डारण गर्ने क्रियाकलापहरुको समग्रता नै अभिलेख व्यवस्थापन हो। यसले निर्णय प्रक्रियालाई सरल बनाउन, कार्यालयको कार्यदक्षता अभिबृद्धि गर्न, समय तथा लागतको बचत गर्न, कार्यालयका कर्मचारीहरुको कार्यप्रगति मूल्याङ्कन गर्न तथा कार्यालयमा पारदर्शिता कायम राख्न मद्दत गर्दछ। अघिल्ला वर्षहरुमा झैं आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयमा प्रशासन, जिन्सी, लेखा लगायत अन्य विषयका अभिलेखहरु प्रचलित कानून बमोजिम सम्बन्धित कर्मचारीहरुबाट प्रभावकारी व्यवस्थापन गरिएको थियो।

## ५.२ गुनासो तथा उजुरी व्यवस्थापन

सेवा प्रवाह तथा सरकारी निकायका सम्बन्धमा सेवाग्राहीबाट प्राप्त हुने गुनासो/ उजुरीको उचित सम्बोधन तथा भविष्यमा त्यस्ता गुनासो/उजुरी आउन नदिनका लागि गरिने सम्पूर्ण व्यवस्थापकीय कार्यलाई समग्रमा गुनासो/उजुरी व्यवस्थापन भनिन्छ। सेवाप्रवाहका क्रममा उत्पन्न हुन सक्ने गुनासाहरूलाई गम्भीरतापूर्वक लिइन्छ र प्राप्त उजुरी तथा सुझावहरूको यथाशीघ्र समाधान गर्ने प्रयास गरिन्छ।

यस कार्यालयमा सेवाग्राहीहरूसँग प्रत्यक्ष संवाद र पारदर्शिता सुनिश्चित गर्न कार्यालय परिसरमा सर्वसाधारणको सहज रूपमा पहुँच हुन सक्ने स्थानमा उजुरी पेटिका स्थापना गरिएको छ। यस कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा एउटा पनि गुनासो/उजुरी प्राप्त भएको छैन। गुनासो तथा उजुरी व्यवस्थापनबाट सेवाप्राप्तिमा पारदर्शिता, उत्तरदायित्व र सेवा गुणस्तरमा निरन्तर सुधार सुनिश्चित गर्न कार्यालय प्रतिबद्ध रहेको छ।

## ५.३ जनशक्ति व्यवस्थापन तथा तालिम

संगठनमा आवश्यक जनशक्तिको प्राप्ति, विकास, उपयोग र संभार गर्ने कार्यको समग्रतालाई जनशक्ति व्यवस्थापन भनिन्छ। जनशक्तिको परिपूर्ति गरी समयसमयमा तालिम प्रदान गरी कार्यालयको कामकारबाहीमा गुणस्तरीयता हाँसिल गर्न मद्दत गर्दछ। कार्यालयमा कार्यरत अधिकांश कर्मचारीहरु आआफ्नो कार्यको सवालमा तालिम लिइसकेका तथा समय समयमा सरोकारको विषयमा आवस्यक तालिम प्रदान हुने गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयका कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण तालिका ८ मा प्रस्तुत गरिएको छ।

*तालिका ८: आर्थिक वर्ष २०८२/८३ मा कर्मचारीहरुले लिएको तालिम सम्बन्धी विवरण*

| क्र.सं. | कर्मचारीको नाम | पद | तालिमको बिषय | तालिम दिने संस्था | तालिम लिएको स्थान |
|---|---|---|---|---|---|
| १ | प्रेम नेपाल | तथ्याङ्क अधिकृत | नेपाल श्रमशक्ति सर्वेक्षण | राष्ट्रिय तथ्याङ्क कार्यालय | धुलिखेल, काभ्रेपलान्चोक |
| | | | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | पुलचोक, काठमाडौ |
| २ | किरण कुमार राई | तथ्याङ्क अधिकृत | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | पुलचोक, काठमाडौ |
| | | | ISHIBASHI Nobuo Memorial International Exchange Programme 2025 | जापान | जापान |
| ३ | अन्जना दाहाल | सह-लेखापाल | नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | नक्टाझिज, धनुषा |
| ४ | जित बहादुर कोइराला | सुपरिवेक्षक | GDP Compilation | राष्ट्रिय तथ्याङ्क कार्यालय | दुहबी, सुनसरी |
| | | | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | पुलचोक, काठमाडौ |
| ५ | युवराज महत | सुपरिवेक्षक | GDP Compilation | राष्ट्रिय तथ्याङ्क कार्यालय | दुहबी, सुनसरी |
| | | | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | पुलचोक, काठमाडौ |
| ६ | मान बहादुर थापा | सुपरिवेक्षक | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | सुनसरी |
| ७ | इशु कुमार कार्की | सुपरिवेक्षक | राष्ट्रिय आर्थिक गणना, २०८२ | राष्ट्रिय तथ्याङ्क कार्यालय | पुलचोक, काठमाडौ |
| ८ | बिपिन सुबेदी | गणक | व्यबसायिक तरकारी बाली सर्वेक्षण | भैरहवा, रूपन्देही | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ९ | रामेश्वर शाह तेली | गणक | स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ | जनकपुर | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| १० | निशान भट्टराई | खरिदार | राष्ट्रिय आर्थिक गणना, २०८२ | सुनसरी | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ११ | सुजाता साह | गणक | औद्योगिक मुल्य तथ्याङ्क | धनुषा | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | | | राष्ट्रिय आर्थिक गणना, २०८२ | सुनसरी | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | | | नेपाल स्थल यातायात सर्वेक्षण, २०८२ | नक्टाझिज, धनुषा | राष्ट्रिय तथ्याङ्क कार्यालय |

## ५.४ पुस्तकालय व्यवस्थापन

यस कार्यालयमा स्थापना कालदेखि नै पुस्तकालयको व्यवस्था गरिएको छ। पुस्तकालयमा राष्ट्रिय तथ्याङ्क कार्यालयको साथै अन्य सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त भएका प्रकाशनहरु तथा समय समयमा यस कार्यालयले प्रकाशन गरेका पुस्तकहरू संग्रह गरिएका छन्। यस्ता प्रकाशनहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सम्पन्न भएका राष्ट्रिय जनगणना, कृषि गणना, आर्थिक गणना, नेपाल जिवनस्तर सर्वेक्षण लगायतका विभिन्न गणना तथा सर्वेक्षणहरु सम्बन्धी पुस्तकहरु, ब्रोसरहरु, हाते पुस्तिकाहरु लगायत अन्य विभिन्न प्रकाशनहरु रहेका छन्। यी पुस्तकहरूले सरोकारवाला निकायहरुलाई विभिन्न नीति तथा योजना तर्जुमा गर्न, निर्णय निर्माण गर्न, विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्ताहरुलाई विभिन्न अध्ययन, अनुसन्धान तथा विश्लेक्षण गर्न, सञ्चार जगतलाई आम जनतामाझ तथ्याङ्कीय सूचनाहरु प्रवाह गर्न, गैरसरकारी संस्था, नागरिक समाज, राजनीतिक दल तथा निर्वाचित जनप्रतिनिधिहरुलाई समाजमा विद्यमान अवस्थाहरुको अध्ययन, आफ्नो कार्यक्षेत्रको लक्ष्य निर्धारण, कार्यको प्राथमिकीकरण, मूल्याङ्कन लगायतका कार्यहरु गर्नको लागि सहयोग गर्ने गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा यस कार्यालयमा केही सेवाग्राहीहरुको निवेदन प्राप्त भएको र प्राप्त निवेदन बमोजिम सोही दिन कार्यालयमा उपलब्ध भएसम्मका प्रकाशन वितरण एवं पुस्तकालय सेवा उपलब्ध गराईएको थियो।

## परिच्छेद ६: समस्या, समाधानका उपायहरु, अवसर र चुनौतिहरु

तथ्याङ्क समन्वय कार्यालय, इलाममा देखिएका समस्याहरु एवं समाधानका उपायहरुका साथै अवसर र चुनौतीहरुलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

### ६.१ समस्या र समाधानका उपायहरु

तथ्याङ्क समन्वय कार्यालय, इलाममा विभिन्न किसिमका प्राविधिक, प्रशासनिक, आर्थिक लगायतका समस्याहरु विद्यमान रहेका छन्। कार्यालयमा देखिएका समस्या तथा तीनको समाधानका उपायहरु तालिका ९ मा प्रस्तुत गरिएको छ।

*तालिका ९: तथ्याङ्क समन्वय कार्यालय, इलामका समस्या र समाधानका उपायहरु*

| क्र.सं. | समस्याहरु | समाधानका उपायहरु |
|---|---|---|
| १. | कार्यालयको आफ्नै भवन नभएकोले घरभाडामा लिई कार्यालय सञ्चालन भईरहेको अवस्थामा मुलतः व्यवस्थापकिय दृष्टिले कार्यालय सञ्चालनमा कठिनाई हुने गरेको छ। | कार्यालयको आफ्नै भवन निर्माणको लागि आवश्यक बजेटको व्यवस्था हुनुपर्ने। |
| २. | कार्यालयमा चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारी साधनको अभाव रहेको छ। यसले तथ्याङ्क सङ्कलन, अनुगमन तथा अन्य तथ्याङ्कीय कार्यका साथै प्रशासनिक कार्यमा समेत नकारात्मक असर पर्ने गरेको छ। | कार्यालयको लागि एउटा चारपाङ्ग्रे सवारी साधन सहित भौगोलिक विकटतालाई सम्बोधन हुने गरी अफ रोडमा चलाउने किसिमको मोटरसाइकल खरिदको लागि पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने। |
| ३. | दैनिक तथा भ्रमण भत्ता बापत पाउने रकम अत्यन्तै कम भई कार्य सम्पादनमा नकारात्मक प्रभाव पर्ने गरेको छ। | दैनिक तथा भ्रमण भत्ताको पुनरावलोकन गरी समयानुकुल बनाउनुपर्ने। |
| ४. | स्थानीय तहबाट तथ्याङ्क प्राप्त गर्न तथा तथ्याङ्कीय क्रियापलाप गर्नमा समस्या रहेको छ। | तथ्याङ्क सेवा/समूहको जनशक्ति सहित सबै स्थानीय तहहरुमा तथ्याङ्कीय एकाईको व्यवस्था हुनुपर्ने। |
| ५. | उत्तरदाताहरुमा तथ्याङ्कीय सचेतनाको कमी रहेको छ। | विभिन्न माध्यमहरुको प्रयोग गरी उत्तरदाताहरुमा तथ्याङ्कीय साक्षरता अभिवृद्धि गर्ने। |

## ६.२ अवसर

- तथ्याङ्क ऐन, २०७९ तथा तथ्याङ्क नियमावली, २०८० का साथै अन्तरनिकाय तथ्याङ्क कार्य समूह कार्यविधि२०८२ , ले तथ्याङ्क सम्बन्धी कानुनी आधार मजबुत बनाएको छ।
- तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो तथा यसको कार्यान्वयन कार्ययोजना कार्यान्वयनमा आएको छ।
- स्थानीय तह तथा अन्य प्रयोगकर्ताहरुबाट तथ्याङ्कको माग बढ्दो रहेको छ।
- कार्यालयमा हाल तथ्याङ्क समन्वय अधिकारी बाहेकका अन्य सबै पदहरु पूर्ति भएकाले आगामी दिनमा कार्य सम्पादनमा सहजता हुन सक्ने सम्भावना रहेको छ।

## ६.३ चुनौतिहरु

- स्थानीय तहहरुबाट समयमै आवश्यक तथ्याङ्क प्राप्त गर्नु,
- उत्तरदाताहरुमा तथ्याङ्कीय सचेतनाको कमी रहेको तथा तथ्याङ्कीय भार बढेको अवस्थामा गुणस्तरीय तथ्याङ्क सङ्कलन गर्नु,
- दैनिक तथा भ्रमण भत्ता बापतको प्रचलित दर अनुसारको उपलब्ध रकममा तथ्याङ्क सङ्कलन तथा अनुगमन गर्नु,
- उपलब्ध सीमित बजेट अन्तर्गत रही भरपर्दो तथ्याङ्क सङ्कलन गर्नु,
- कामको चाप भएको र कर्मचारीको कमी भएको अवस्थामा तोकिएको समयमै तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा उपलब्ध गराउनु।

## अनुसूचि १
## त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समयसीमा | केन्द्रमा पठाउने समयसीमा |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | कार्तिक तेस्रो हप्तासम्म | मंसिर तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | माघ तेस्रो हप्तासम्म | फाल्गुन तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | वैशाख तेस्रो हप्तासम्म | जेष्ठ तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | साउन तेस्रो हप्तासम्म | भदौ तेस्रो हप्तासम्म |

# अनुसूचि २
## त्रैमासिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका कार्यालय/प्रतिष्ठान/संस्थाहरु

| क.सं. | क्षेत्र | कार्यालय/प्रतिष्ठान/संस्था | जिल्ला | पालिका | स्थान |
|---|---|---|---|---|---|
| १ | कृषि | कृषि ज्ञान केन्द्र | ताप्लेजुङ | फुङलिङ न.पा. | |
| २ | | | पाँचथर | फिदिम न.पा. | |
| ३ | | | इलाम | इलाम न.पा. | |
| ४ | | | झापा | भद्रपुर न.पा. | |
| ५ | पशु तथा भेटेरिनरी | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ताप्लेजुङ | फुङलिङ न.पा. | |
| ६ | | | पाँचथर | फिदिम न.पा. | |
| ७ | | | इलाम | इलाम न.पा. | |
| ८ | | | झापा | भद्रपुर न.पा. | |
| ९ | तारे होटल | Vegas City Entertainment (Hotel Mechi Crown) | झापा | मेचीनगर न.पा. | धुलाबारी |
| १० | | Hotel The KingsBury | झापा | विर्तामोड न.पा. | मुक्तिचोक पश्चिम |
| ११ | | Siddhartha Hotel Grand City | झापा | विर्तामोड न.पा. | मुक्तिचोक दक्षिण |
| १२ | | Hotel Holiday Home | झापा | विर्तामोड न.पा. | मुक्तिचोक उत्तर |
| १३ | गैर तारे होटल तथा रेष्टुरेन्ट | Hotel Annapurna | ताप्लेजुङ | फुङलिङ न.पा. | मेन रोड |
| १४ | | Hotel Highway & Khaja Ghar | ताप्लेजुङ | फुङलिङ न.पा. | मेन रोड |
| १५ | | New Hotel UK | पाँचथर | फिदिम न.पा. | हाइवे लाइन |
| १६ | | Yes Boss Sekuwa Corner & Khaja Ghar | पाँचथर | फिदिम न.पा. | हाइवे लाइन |
| १७ | | Hotel Green View | इलाम | इलाम न.पा. | नविन चोक |
| १८ | | Nanglo Food Corner | इलाम | इलाम न.पा. | टुँडिखेल |
| १९ | | New Muskan Restaurant Bar & Lodge | इलाम | सूर्योदय न.पा. | फिक्कल |
| २० | | Sonam Hotel Restaurant & Bar | इलाम | सूर्योदय न.पा. | फिक्कल |
| २१ | | Accom Hotel & Lodge | इलाम | सूर्योदय न.पा. | श्रीअन्तु |
| २२ | | Cafe Brewz | इलाम | सूर्योदय न.पा. | श्रीअन्तु |
| २३ | | Hotel Moonstar | झापा | मेचीनगर न.पा. | बसपार्क उत्तर |
| २४ | | KBR Restro & Bar | झापा | बुद्धशान्ति गा.पा. | बुधबारे |
| २५ | | Hotel Daniel | झापा | विर्तामोड न.पा. | मुक्तिचोक उत्तर |
| २६ | | Junction Restro | झापा | विर्तामोड न.पा. | मुक्तिचोक उत्तर |
| २७ | | 7 Ocean Hotel & Lodge | झापा | दमक न.पा. | बसपार्क उत्तर |
| २८ | | Green Cafe & Family Restaurant | झापा | दमक न.पा. | बसपार्क उत्तर |
| २९ | खानेपानी उपभोक्ता समिति | ताप्लेजुङ वृहत खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ताप्लेजुङ | फुङलिङ न.पा. | |
| ३० | | फिदिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | पाँचथर | फिदिम न.पा. | |
| ३१ | | इलाम बजार शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | इलाम | इलाम न.पा. | |
| ३२ | | फिक्कल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | इलाम | सूर्योदय न.पा. | |
| ३३ | | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति भद्रपुर | झापा | भद्रपुर न.पा. | लेखनाथ चोक |
| ३४ | | विर्तामोड साना शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | झापा | विर्तामोड न.पा. | |
| ३५ | | सुरुङ्गा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | झापा | कन्काइ न.पा. | बसपार्क उत्तर |
| ३६ | | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दमक | झापा | दमक न.पा. | न.पा. भवन पछाडी |
| ३७ | यातायात | यातायात व्यवस्था सेवा कार्यालय, इलाम | इलाम | इलाम न.पा. | |
| ३८ | | यातायात व्यवस्था सेवा कार्यालय, झापा | झापा | विर्तामोड न.पा. | |

## अनुसूचि ३
## कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समयसीमा | केन्द्रमा पठाउने समयसीमा |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | असोज तेस्रो हप्तासम्म | कार्तिक तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | पुष तेस्रो हप्तासम्म | माघ तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | चैत्र तेस्रो हप्तासम्म | वैशाख तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | असार तेस्रो हप्तासम्म | साउन तेस्रो हप्तासम्म |

## अनुसूचि ४
## कृषि वस्तुहरुको उत्पादकको मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका अगुवा कृषकहरु

| क्र.सं. | जिल्ला | कृषकको नाम | पालिका | वार्ड नं. | टोल |
|---|---|---|---|---|---|
| १ | पाँचथर | छविलाल पोखेल | याङवरक गापा | ४ | थर्पु, वरडाँडा |
| २ | | सुर्यदिप सम्बाहाम्फे | कुम्मायक गापा | १ | याशोक |
| ३ | | प्रेम चापाँगाई | फिदिम नपा | १२ | नाँगिन, डेरी चोक |
| ४ | | चुडामणी काफ्ले | फिदिम नपा | २ | साम्दिन |
| ५ | | अभिशेक राई | फाल्गुनन्द गापा | ३ | राँके |
| ६ | इलाम | सविनबाबु श्रेष्ठ | देउमाई नपा | ३ | पैरे भञ्याङ |
| ७ | | प्रकाश पराजुली | सन्दकपुर गापा | ३ | सुलुबुङ, लुरिङटार |
| ८ | | भिष्म मैनाली | इलाम नपा | ९ | भञ्याङ |
| ९ | | उमेश पौडेल | सुर्योदय नपा | ११ | करफोक |
| १० | | केशवराज लुइटेल | रोङ गापा | ३ | कुटीडाँडा |

## अनुसूचि ५

## औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| क्र.सं. | अवधि | तथ्याङ्क सङ्कलन गर्ने समयसीमा | केन्द्रमा पठाउने समयसीमा |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | असोज तेस्रो हप्तासम्म | कार्तिक तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | पुष तेस्रो हप्तासम्म | माघ तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | चैत्र तेस्रो हप्तासम्म | वैशाख तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | असार तेस्रो हप्तासम्म | साउन तेस्रो हप्तासम्म |

## अनुसूचि ६

## औद्योगिक उत्पादन तथा उत्पादकको मूल्य सूचकांक (MPI/MPPI) सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु

| क्र.सं. | प्रतिष्ठानको नाम | जिल्ला | पालिका | टोल |
|---|---|---|---|---|
| १ | गणेश स मिल | झापा | बिर्तामोड न.पा. | चारपाने |
| २ | डाँफे टी प्रोसेसिङ क.प्रा.लि. | झापा | भद्रपुर न.पा. | चन्द्रगढी |
| ३ | जगदम्बा टी प्रोसेसिङ प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| ४ | कालिका टी स्टेट प्रा.लि. | झापा | भद्रपुर न.पा. | चन्द्रगढी |
| ५ | खगेन्द्र काष्ठ उद्योग | झापा | बिर्तामोड न.पा. | अनारमनी |
| ६ | मनोज प्लाइउड उद्योग | झापा | बिर्तामोड न.पा. | चारपाने |
| ७ | मित्तल टी स्टेट प्रा.लि. | झापा | कचनकवल गा.पा. | पथरिया |
| ८ | मोडर्न टी इन्डस्ट्रिज प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| ९ | पराजुली टी इन्डस्ट्रिज प्रा.लि. | झापा | भद्रपुर न.पा. | महेशपुर |
| १० | पथिभरा भेनियर | झापा | बिर्तामोड न.पा. | चारपाने |
| ११ | सतिघट्टा टी स्टेट | झापा | मेचिनगर न.पा. | ज्यामिरगढी |
| १२ | सुर्य एग्रो | झापा | मेचिनगर न.पा. | धाइजन |
| १३ | त्रिशक्ति इन्डस्ट्रिज | झापा | भद्रपुर न.पा. | भद्रपुर |
| १४ | हिमालयन साङ्रिला टी प्रोड्युसर्स प्रा.लि. | इलाम | इलाम न.पा. | साखेजुङ |
| १५ | इलाम टी प्रोड्युसर्स प्रा.लि. | इलाम | सूर्योदय न.पा. | पाँचकन्या |
| १६ | कञ्चनजङ्घा टी इस्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. | पाँचथर | फिदिम न.पा. | फिदिम |

## अनुसूचि ७

## निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र केन्द्रमा पठाउने समयसीमा

| **क्र.सं.** | **अवधि** | **तथ्याङ्क सङ्कलन गर्ने समयसीमा** | **केन्द्रमा पठाउने समयसीमा** |
|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | भदौ तेस्रो-चौथो हप्तासम्म | असोज तेस्रो हप्तासम्म |
| २ | दोस्रो त्रैमासिक | मंसिर तेस्रो-चौथो हप्तासम्म | पुष तेस्रो हप्तासम्म |
| ३ | तेस्रो त्रैमासिक | फाल्गुन तेस्रो-चौथो हप्तासम्म | चैत्र तेस्रो हप्तासम्म |
| ४ | चौथो त्रैमासिक | जेठ तेस्रो-चौथो हप्तासम्म | असार तेस्रो हप्तासम्म |

## अनुसूचि ८

## निर्माण क्षेत्रको लागत मूल्य सूचकांक सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु

| क्र.सं. | प्रतिष्ठानको नाम | जिल्ला | पालिका |
|---|---|---|---|
| १ | फिदिम नगरपालिका प्राविधिक शाखा (जिल्ला दरभाउ दर) | पाँचथर | फिदिम न.पा. |
| २ | मिम्सुमा टेडर्स | पाँचथर | फिदिम न.पा. |
| ३ | जय अम्बे सप्लायर्स एण्ड टेडर्स | पाँचथर | फिदिम न.पा. |
| ४ | लक्ष्मि हार्डवयर | पाँचथर | फिदिम न.पा. |
| ५ | फेदेम सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| ६ | गोल्डेन सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| ७ | मनकामना फर्निचर | पाँचथर | फिदिम न.पा. |
| ८ | याक्थुङ फर्निचर उद्योग | पाँचथर | फिदिम न.पा. |
| ९ | दर्सन काष्ट फर्निचर उद्योग | पाँचथर | फिदिम न.पा. |
| १० | डायमन फर्निचर | पाँचथर | फिदिम न.पा. |
| ११ | अधिकारी स मिल | पाँचथर | फिदिम न.पा. |
| १२ | गितान्जलि सप्लायर्स | पाँचथर | फिदिम न.पा. |
| १३ | रवि दाईको पसल | पाँचथर | फिदिम न.पा. |
| १४ | फिदिम इलेक्ट्रनिक्स | पाँचथर | फिदिम न.पा. |
| १५ | गणेश ईलोट्रोनिक्स | पाँचथर | फिदिम न.पा. |
| १६ | न्यौपाने सिसा पसल | पाँचथर | फिदिम न.पा. |
| १७ | आयुसा भेराईटिज | पाँचथर | फिदिम न.पा. |
| १८ | डी. एन. कन्ट्रक्सन | पाँचथर | फिदिम न.पा. |
| १९ | सञ्जिव निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |
| २० | निर्माण व्यसायी संघ | पाँचथर | फिदिम न.पा. |
| २१ | सिंहलिला कन्स्ट्रक्सन | पाँचथर | फिदिम न.पा. |
| २२ | अधिकारी निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |
| २३ | न्यु प्रताप इन्जिनियरिङ एण्ड ग्रिल | पाँचथर | फिदिम न.पा. |
| २४ | पाथिभरा ग्रिल स्टिल तथा जिप्सम उद्योग | पाँचथर | फिदिम न.पा. |
| २५ | नयन इन्जिनियरिङ | पाँचथर | फिदिम न.पा. |
| २६ | दिपेन योक्पाङदेन | पाँचथर | फिदिम न.पा. |
| २७ | रोहन निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |
| २८ | शुभलक्ष्मी निर्माण सेवा | पाँचथर | फिदिम न.पा. |

## अनुसूचि ९

## वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलनका लागि छानिएका प्रतिष्ठानहरु

| सामुदायिक वन उपभोक्ता समिति | | | |
|---|---|---|---|
| **क्र.सं.** | **प्रतिष्ठानको नाम** | **जिल्ला** | **स्थानीय तह** |
| १ | तोक्मेडाँडा सावउस | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २ | कात्तिके सातपाखा सावउस | ताप्लेजुङ | मिक्वाखोला गा.पा. |
| ३ | लालिगुराँस महिला सावउस | पाँचथर | फाल्गुनन्द गा.पा. |
| ४ | सल्लेरी सावउस | पाँचथर | फिदिम न.पा. |
| ५ | सुर्योदय सोभारा सावउस | पाँचथर | तुम्वेवा गा.पा. |
| ६ | भेलागढी सावउस | झापा | हल्दिबारी गा.पा. |
| ७ | दुर्गाभिट्टा सावउस | झापा | कचनकवल गा.पा. |
| ८ | चन्द्रगढी सावउस | झापा | भद्रपुर न.पा. |
| ९ | हातेमालो सावउस | झापा | मेचीनगर न.पा. |
| १० | भालुढुङ्गा सावउस | इलाम | इलाम न.पा. |
| ११ | सिम्ले, किराँते सावउस | इलाम | देउमाई न.पा. |
| १२ | सुनाखरी सावउस | इलाम | रोङ गा.पा. |
| १३ | थुम्के छिपछिपे सावउस | इलाम | माईजोगमाई गा.पा. |
| १४ | पोखरी डाँडा सावउस | इलाम | सन्दकपुर गा.पा. |
| १५ | सुखानी सावउस | इलाम | माई न.पा. |
| १६ | कमल सावउस | इलाम | चुलाचुली गा.पा. |
| **चार/पाँच तारे होटल** | | | |
| १७ | Hotel The kingsburry | झापा | विर्तामोड न.पा. |
| १८ | Vegas city Entertainment | झापा | मेचीनगर न.पा. |
| **अन्य तारे होटल** | | | |
| १९ | Hotel holiday home | झापा | विर्तामोड न.पा. |
| २० | Eastern Grande p ltd | झापा | मेचीनगर न.पा. |
| **गैरतारे होटल तथा रेष्टुरेन्ट** | | | |
| २१ | होटल सविना खाजा घर | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २२ | पुष्पाञ्जली वेकी एण्ड क्याफे | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २३ | होटल साइनो | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २४ | होटल नाङ्लो | ताप्लेजुङ | फुङलिङ न.पा. |
| २५ | स्वादिलो किचन | पाँचथर | फिदिम न.पा. |
| २६ | Pathibhara Fast Food | पाँचथर | फिदिम न.पा. |
| २७ | Hotel D4 & Guest House | पाँचथर | फिदिम न.पा. |

| | | | |
|---|---|---|---|
| २८ | Batika Classic Hotel | पाँचथर | फिदिम न.पा. |
| २९ | चन्द्रमा इल होटल | झापा | अर्जुनधारा गा.पा. |
| ३० | ब्रदर क्याफे | झापा | अर्जुनधारा गा.पा. |
| ३१ | Moon Rise Foodland | झापा | भद्रपुर न.पा. |
| ३२ | होटल आनी हरिटेज प्लाजा | झापा | भद्रपुर न.पा. |
| ३३ | एकान्त फेमेली रेष्टुरेन्ट | झापा | मेचीनगर न.पा. |
| ३४ | होटल ताज | झापा | मेचीनगर न.पा. |
| ३५ | रिजाल होटल | झापा | शिवसताक्षी गा.पा. |
| ३६ | कुनसाङ होटल एण्ड लज | झापा | कमल गा.पा. |
| ३७ | होटल इलाम पार्क | इलाम | इलाम न.पा. |
| ३८ | सेम्स क्याफे | इलाम | इलाम न.पा. |
| ३९ | साहिल होटल एण्ड लज | इलाम | सूर्योदय न.पा. |
| ४० | जोजोलोपा नेवारी खाजा घर | इलाम | सूर्योदय न.पा. |
| **चिस्यान केन्द्र** | | | |
| ४१ | हेम बहादुर केरुङ | पाँचथर | फालेलुङ गा.पा. |
| ४२ | कृषि बजार व्यवस्थापन समिति | झापा | विर्तामोड न.पा. |
| ४३ | रोयल कोल्ड स्टोरेज प्रा.लि | झापा | विर्तामोड न.पा. |
| ४४ | शान्ती कोल्ड स्टोरेज | झापा | दमक न.पा. |
| **एफ.एम. रेडियो** | | | |
| ४५ | रेडियो तमोर | ताप्लेजुङ | फुङलिङ न.पा. |
| ४६ | रेडियो मितेरी | पाँचथर | फिदिम न.पा. |
| ४७ | रेडियो मन्त्र | झापा | मेचीनगर न.पा. |
| ४८ | रेडियो नेपालवाणी | इलाम | इलाम न.पा. |
| **केबल टेलिभिजन** | | | |
| ४९ | UFO Cable networking & Marketing | ताप्लेजुङ | फुङलिङ न.पा. |
| ५० | Subisu cable network | पाँचथर | फिदिम न.पा. |
| ५१ | Subisu cable net ltd. | झापा | विर्तामोड न.पा. |
| ५२ | टेकमाइन्ड नेटवर्क | इलाम | इलाम न.पा. |
| **सहकारी** | | | |
| ५३ | नागरिक बचत तथा ऋण सहकारी संस्था लि. | ताप्लेजुङ | फुङलिङ न.पा. |
| ५४ | कञ्चनजङ्घा बचत तथा ऋण सहकारी संस्था लि. | पाँचथर | फिदिम न.पा. |
| ५५ | मेचि मासु उत्पादक सहकारी संस्था लि. | झापा | मेचीनगर न.पा. |
| ५६ | सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. | इलाम | इलाम न.पा. |
| **स्थानीय तह (खानी तथा उत्खनन् र भवन तथा सडक निर्माण)**: कार्यक्षेत्रका सबै स्थानीय तह | | | |

## अनुसूचि १०
## केही फोटोहरु

१. व्यवसायिक तरकारी बाली सर्वेक्षण, २०८२ को मुख्य फिल्ड कार्य



२. स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ को मूख्य फिल्ड कार्य



३. वार्षिक राष्ट्रिय लेखा सम्बन्धी तथ्याङ्क सङ्कलन कार्य




४. तथ्याङ्कीय साक्षरता कार्यक्रम, सूर्योदय न.पा., इलाम



५. तथ्याङ्कीय साक्षरता कार्यक्रम, फाल्गुनन्द गा.पा., पाँचथर




६. तथ्याङ्कीय साक्षरता कार्यक्रम, माई न.पा., इलाम






७. तथ्याङ्कीय साक्षरता कार्यक्रम, बुद्धशान्ती गा.पा., झापा






८. तथ्याङ्क दिवस कार्यक्रम, इलाम

